# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं. २०७९/०८०
च.नं. १३०

मिति: २०७९/०५/१३

**बिषयः-परिपत्र कार्यान्वयन सम्बन्धमा।**

श्री वडा कार्यालय (१-२९) सबै
भरतपुर महानगरपालिका,
भरतपुर चितवन ।

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७९/०४/२३ को च. नं.१४८ प. सं २०७९/८० को परिपत्रअनुसार ब्यक्तिगत घटना ब्यवस्थापन सम्बन्धमा दहाय वमोजिम गर्न, गराउन स्पष्ट गरी पठाईएको ब्यहोरा आदेशानुसार अनुरोध छ।

१. बसाई सरी आएको स्थानीय तहमा दर्ता भएका, कर्मचारीको परिवारको आधारमा दर्ता भएका र घटना घटेको ठाउँमा दर्ताका प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्दा ब्यक्तिगत घटना दर्ता भएका स्थानीय तहबाट प्राप्त प्रमाणित अभिलेखको आधारमा हालको स्थायी ठेगानाबाट मात्र प्रमाणपत्र जारी गर्ने/गराउने व्यवस्था गर्ने।

२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ बमोजिम घटना घटेको स्थानीय तह वा बाबु आमाको स्थायी ठेगाना रहेको वडा कार्यालय वा कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालय रहेको वडा कार्यालयमा कार्यरत कार्यालयको आधिकारीक पत्रको आधारमा बाहेक अन्य ठाउँमा घटना दर्ता नगर्ने र यसअघि कुनै त्यस्तो घटना दर्ता भएको पाईएमा सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यालयबाट प्रमाणीत अभिलेख मगाई स्थाई ठेगाना रहेको पञ्जीकाधिकारी कार्यालयमा अभिलेख कायम गरी प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्ने व्यवस्था गर्ने।

३. ब्यक्तिगत घटना दर्ता गर्दा सूचकले सहिछाप गरेको सूचना फाराम र स्थानीय पञ्जीकाधिकारीले हस्ताक्षर गरेको प्रमाणपत्रको Scan प्रति VERSP-MIS प्रणालीमा अपलोड गर्ने ब्यबस्था मिलाउने

७९/५/१३

प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प. सं. २०७४/०८०
च. नं. १३०

र उक्त कार्यको लागि स्थानीय पञ्जीकाधिकारीलाई सहजीकरणको आवश्यक परेमा एम.आई.एस. अपरेटरको सहयोग लिने।

४.कुनै ब्यक्तिको ब्यक्तिगत घटना दर्ता नम्बर (१३ अंको) स्थायी ठेगाना भन्दा फरक वडा कार्यालयबाट जारी भएतापनि ब्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा भत्ताको लागि सोही दर्ता नम्बर प्रयोग गर्न सकिने व्यवस्था प्रणालीमा भएको हुँदा सोही अनुसार गर्ने।

५.बसाईसराई दर्ता गर्दा परिवारको सदस्यमध्ये सूचक बस्न योग्य नभएको ब्यक्ति (नाबालक) छुटेको भएमा एक बर्षभित्र भएमा नियमानुसार संशोधन गर्ने अवधि समाप्त भएको भए बसाईसराई गराएको घरमुली वा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य सूचक राखी नयाँ बसाईसराई दर्ता गर्ने।

६. बसाईसराईको लगत हस्तान्तरण गर्दा नियमावलीको नियम १९मा ब्यवस्था भए अनुसार अन्य सबै व्यक्तिगत घटना दर्ता गरेपछी मात्र गर्ने।

७.धर्मपुत्र, धर्मपुत्रीको घटना दर्ता अदालतको प्रमाणको आधारमा धर्म बाबु आमाको स्थायी ठेगानाबाट दर्ता गर्ने।

२०७६।५।१३

(शान्ता कुमारी पौडेल)
प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)